# राज्यको साझा अन्तरङ्ग मापदण्ड

engage ny
Our Students. Their Moment.

## प्राय सोधिने प्रश्नहरू (FAQ)

समग्र न्यू यर्कका अभिभावकहरु राज्यको साझा तथा मूल मापदण्डका बारेमा थप जानकारी चाहन्छन्। तल, तपाईंले उक्तमापदण्डबारे प्राय सोधिने प्रश्न तथा उत्तरहरू पाउनु हुनेछ। समयमा यो अद्यावधिक गरिने छ। साझा अन्तरङ्ग मापदण्डका सम्बन्धमा तपाईंकोस्कूलको कामबारे थप जानकारीका लागि कृपया तपाईंको बालबालिकाको शिक्षक वा प्राचार्यलाई सम्पर्क गर्नुहोस्।

**Q. राज्यको साझा अन्तरङ्ग** (तथा मूल) **मापदण्ड भनेको के हो?**

A. राज्यको साझा अन्तरङ्ग मापदण्ड अन्तर्गत प्रि-**के** देखि **१२** ग्रेड (कक्षा) सम्मका विद्यार्थीहरूले अङ्ग्रेजी भाषा कला तथा गणितमा के कुरा जानेको हुनुपर्छ र गर्न सक्नु पर्छ भन्ने देखाइएको हुन्छ। उक्त मापदण्डद्वारा राज्य भरिका सम्पूर्ण विद्यार्थीहरूले एक समानसीप सिक्न पाउँछन्। यसबाट उनीहरू कलेज (महाविद्यालय) तथा पेशाका लागि तयार भएको सुनिश्चित हुन जानेछ। यस मापदण्ड अन्तर्गत, सबभन्दा जरुरी विषय तथा सीपहरूमा सफल बन्न सहयोग गर्न शिक्षकले बालबालिकालाई पढाउने तरिकामा केही परिवर्तनहरू वा "शिफ्ट" समावेश छ। सम्पूर्ण युवाहरूलाई कलेज तथा पेशाका लागि तयार गर्न सहयोग गर्ने गरि यस मापदण्डहरू तयार गरिएको छ।

**Q. के साझा अन्तरङ्ग मापदण्ड भएपछि सबैले कम सिक्नेछन् भन्ने अर्थ लाग्छ?**

A. होइन।राज्यको साझा तथा मूल मापदण्ड तयार गर्दा देश भरिका राज्यहरूबाट साथै अन्य राष्ट्रहरूबाट जम्मा गरिएको सबभन्दा राम्रो मापदण्डहरू, र जागिरतथाउच्च शिक्षामा सफलता पाउन के कुराको आवश्यकता पर्छ भन्ने विषयमा गरिएको व्यापक अनुसन्धान नतिजाबाट बनाइएको हो। साझा तथा मूल मापदण्ड अन्तर्गत शिक्षक तथा विद्यार्थीहरूले प्रत्येक ग्रेडस्तरमा अन्तरङ्ग सीप तथा अवधारणाहरू माथि अझ गहिरो अध्ययन गर्नु पर्छ। अर्थात विद्यार्थीहरूले केही विषयहरूमा निकै बढी सिक्न पाउने छन्। यसको अर्थ यो पनि हो कि शिक्षकहरूले विषयहरूमा अझ विस्तारमा अध्यापन गराउन बढी समय पाउँछन्। यसबाट पढाइएको विषयलाई साँच्चै राम्ररी बुझ्न विद्यार्थीहरूले अवसर पाउनेछन्।

**Q. के उक्तमापदण्ड अन्तर्गत शिक्षकहरूले पढाउने तरिका पिन समावेश छ?**

A. छैन।यी तशिक्षकहरूलाई सर्वोत्तम कक्षापाठतथाक्रियाकलापहरू तयार गर्न सहयोग गर्ने साधन मात्र हुन्।यसमापदण्डहरूले प्रत्येक ग्रेडस्तरमा सफल हुन के गर्नु पर्छ भन्ने देखाएर विद्यार्थीतथामाता-पिताहरूलाई पनि मद्दत गर्छ।यसलेशिक्षक, विद्यार्थीतथामाता-पिताहरूका लागि महत्त्वपूर्ण दिशानिर्देशको काम गर्नेछ।

**Q. मापदण्डहरूको विकास कसरी भएको हो?**

A. छयालीस राज्यहरूले विशेषज्ञ, शिक्षक तथा अनुसन्धानकर्ताहरूलाई एक साथ ल्याएर राज्यको साझा अन्तरङ्ग मापदण्ड लेखेर, न्यू यर्कका शिक्षक तथा माता-पिताहरूको धेरैसुझाव लगायत झन्डै १०,००० टिप्पणी तथा सुझावहरू प्राप्त गरेपछि तयार भएको हो। न्यू यर्कमा यी मापदण्डहरू 2010 मा लागु भयो। मापदण्डहरू हाम्रो कक्षा अनुसार तयार गरिएका छन् र यसबाट हाम्रा विद्यार्थीहरूलाई धेरै सिक्न मद्दत पुग्नेछ। कृपया मापदण्डहरूको सम्पूर्ण सेट पढ्न http://corestandards.org/the-standards मा जानुहोस्।

**Q. के यसको अर्थ अझ बढी परीक्षाहरू हुनेछ?**

A. होइन। राज्यको साझा अन्तरङ्ग मापदण्ड भनेको धेरै परीक्षाहरू होइन। तर अलग खाले, र राम्रो परीक्षाहरू हुनेछ। अप्रिल २०१३ देखि शुरु भएर, न्यू यर्क राज्यपरीक्षामा तेस्रो ग्रेडदेखि ८ ग्रेड सम्मका विद्यार्थीहरूको अङ्ग्रेजी भाषा कला तथा गणितमा साझा अन्तरङ्ग ज्ञान तथा सीपहरूको परीक्षा लिइनेछ। यी नयाँ परीक्षाहरूमा मापदण्डमा हुन गएको परिवर्तन, वा “शिफ्ट” हरू झल्किने छ। यी परीक्षाहरूद्वारा विद्यार्थीले ग्रेडस्तर अपेक्षाहरू पूरा गर्ने सुनिश्चित हुनेछ।

**Q. के यी नयाँ परीक्षाहरू कठिन हुनेछन्?**

A. शुरुमा, नयाँ परीक्षाहरू गाह्रो लाग्न सक्छ। यो सामान्य कुरा हो। यी नयाँ परीक्षाहरूमा मापदण्डमा हुनगएको “शिफ्ट” मा आधारित हुनेछ। समय बित्दै गएपछि, विद्यार्थी तथा शिक्षकहरूले प्रस्ट अपेक्षाहरू बमोजिम समायोजन गर्नेछन्। नयाँ परीक्षाहरू गर्न थालेको पहिलो वा दोस्रो वर्षमा विद्यार्थीको परीक्षा अङ्क घट्न सक्ने सम्भावना पनि रहने छ। तथापि, परीक्षाहरू विद्यार्थीको उपलब्धिमा सुधार ल्याउने एउटा महत्त्वपूर्ण साधन हो। नयाँ परीक्षाहरूद्वारा माथिल्लो ग्रेडस्तरमा पुग्न अतिरिक्त टेवाको खाँचो पर्ने विद्यार्थीहरूको पहिचान गर्नमा प्राचार्य तथा शिक्षकहरूलाई मद्दत पुग्नेछ।

**Q. यस कार्यबाट अपाङ्ग विद्यार्थी तथा अङ्ग्रेजी भाषा प्रशिक्षार्थीहरूमा कस्तो फरक पर्नेछ?**

A.मापदण्डहरूले शिक्षकहरूलाई विषयहरूमा अझ विस्तारमा अध्यापन गराउन मद्दत गर्नेछ। यसबाट पढाइएको विषयलाई साँच्चै राम्ररी बुझ्न विद्यार्थीहरूले अवसर पाउने छन्।अङ्ग्रेजी भाषा प्रशिक्षार्थी तथा अपाङ्ग विद्यार्थीहरूमा मापदण्डलागु गर्ने सम्बन्धमा मार्ग-निर्देशिका प्रस्ट छ। साथै, उक्त मुद्दामा सुधार ल्याउन सम्पूर्ण राज्यहरू एक साथ मिलेर काम गर्नेछन्। यसबाट सबै प्रशिक्षार्थीहरूका लागि एउटा सुदृढ टेवा प्रणाली निर्माण हुनेछ।

**Q. देश भरिका विद्यार्थीहरूका लागि राज्यको साझा अन्तरङ्ग मापदण्डको के अर्थ लाग्छ?**

A. सो मापदण्डमा देश भरि अध्ययन गरि रहेका विद्यार्थीहरूका लागि प्रस्ट अपेक्षाहरू निर्धारण गरिएको छ। विगतमा, प्रत्येक राज्यको आ-आफ्नै प्रकारको भिन्नै बौद्धिकमापदण्डहरू हुने गर्थ्यो। अर्थात U.S. विद्यार्थीहरूले भिन्नै दरमा भिन्नै सीप तथा अवधारणाहरू सिक्ने गर्थे। राज्यको साझा अन्तरङ्ग मापदण्डले *सम्पूर्ण* न्यूयर्क विद्यार्थीहरूलाई एक समान उच्च मापदण्ड अनुसार सिक्ने समान अवसर प्रदान गर्दछ।यसबाट महाविद्यालय, पेशा तथा जीवनमा सफलताको बढ्ता सम्भावना रहन्छ।

**Q. यदि मापदण्डबढाएमा, के विद्यार्थीहरूले विद्यालय छाड्ने सम्भावना हुन्छ?**

A. विद्यार्थीहरूले विद्यालय छाड्ने सम्भावनामा बढी हुँदैन। अनुसन्धान अनुसार विद्यार्थीहरूले विद्यालय छाड्ने कारण विभिन्न कुराहरू पर्दछन्। अनुसन्धान अनुसार विद्यार्थीहरूले विद्यालयमा बढ्ता चुनौतीको सामना गर्न मन गर्ने पनि देखिएको छ। उदाहरणको लागि, स्कूल छाड्ने १० जना युवाहरू मध्ये ७ जनाले माध्यमिक विद्यालयमा उनीहरूलाई कडा मेहनत गर्न अथवा बढ्ता परिश्रम गर्न कुनै प्रेरणा वा प्रोत्साहन प्रदान गरिएको थिएन। विद्यालय छाडेकाहरू मध्ये दुई-तिहाइले यदि उनीहरूलाई बढी काम गर्न लगाइएको भए उनीहरूले गर्ने थिए भन्ने बताए (जस्तै उनीहरूबाट उच्च बौद्धिक अपेक्षाहरू राखेर, बढी पढाइ र बढी गृहकार्य आदि)।[1]

**Q. के अङ्ग्रेजी भाषा कला तथा गणितमा साझा अन्तरङ्ग मापदण्डलागु गर्नाले अन्य विषयहरू, जस्तै कला वा पेशा तथा प्राविधिक शिक्षामा विद्यार्थीहरूको पहुँच सीमित बनाउने छ?**

A. होइन। न्यू यर्कले विद्यार्थीहरूलाई माध्यमिक विद्यालय भन्दा परको सफलताको लागि तयारी गर्न सबै विषयहरूको महत्त्व बुझेको छ। राज्यको भविष्यको लागि पढाइ सिध्याएर जाने उत्कृष्ट विद्यार्थीहरू जरुरी हुन्छन्। साझा अन्तरङ्गको प्रस्ट मापदण्डले वास्तवमा शिक्षकहरूलाई सबै विषयहरूमा सिकाइ प्रक्रियालाई एकीकृत गर्न मद्दत गर्नेछ। यसको अर्थ हो विद्यार्थीहरूलाई यस्तो पाठ सिकाइन्छ जसबाट गणित, विज्ञान, सामाजिक अध्ययन, अङ्ग्रेजी भाषा कला तथा अन्यविषयहरू पनि राम्रो भएर जान्छ।

**Q: के राज्यको साझा अन्तरङ्ग मापदण्डद्वारा उच्चअ पेक्षाहरू सृजना गरि कम प्रदर्शन गर्ने विद्यालयहरूका विद्यार्थीहरूलाई दण्डित गरिन्छ?**

A. होइन। प्राय, हाल कम प्रदर्शन गर्ने विद्यालयका विद्यार्थीहरूबाट कम अपेक्षाहरू राखिन्छ। न्यू यर्कले राज्यको साझा अन्तरङ्ग मापदण्डहरू लागु गरेको छ ताकि *सम्पूर्ण* विद्यार्थीहरूले उत्कृष्ट शिक्षा प्राप्त गर्न सकुन्।

**शब्दावली:**

- शिफ्ट – शिक्षकहरू पढाउने र विद्यार्थीहरूले सिक्ने तरिकामा परिवर्तन
- पाठ – कुनैपनि लिखित कार्य
- अ-काल्पनिक – वास्तविक जीवनका घटना वा तथ्यहरूबारे पाठ
- प्रमाण – पाठबाट लिइएको ससाना प्रमाण
- तर्क – विद्यार्थीहरूले अरुलाई केही कुरा कसरी बुझाउँछन्
- फैसला – उनीहरूले पढेको कुराबारे विद्यार्थीको निष्कर्ष
- ध्यान केन्द्रित गर्ने – थोरै विषयहरूमा बढी सिक्ने
- गति तथा सटिकता – विद्यार्थीले गणित समस्याको सही हल कति चाँडो निकाल्छ

**स्रोतहरू:**

- राज्यको साझा अन्तरङ्ग मापदण्ड अभियान:http://www.corestandards.org/
- ग्रेट सिटि स्कूल परिषद:http://www.cgcs.org
- एन्गेजNY:www.engageny.org
- राष्ट्रियPTA: http://pta.org

[1] सिभिक इन्टरप्राइजेज*द साइलेन्ट एपिडेमिक: पर्स्पेक्टिभ अफहाइ स्कूलस्कूल ड्रपआउट्स*।मार्च 2006. http://www.saanys.org/uploads/content/TheSilentEpidemic-ExecSum.pdf